# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### धनगढी,कैलाली,७ नं. प्रदेश,नेपाल

धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

आ.ले.प.०७६।०७७
च.नं.

**विषय :- कवाडी कर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्वन्धि सूचना ।**

दोश्रो पटक प्रकाशित मिति:२०७७।२।३२

मिति २०७७।१।२६ गतेको वैठकवाट निर्णय भए अनुसार यस कार्यालयवाट मिति २०७७।१।३० गतेको सूचनालाई परिमार्जित गरी यस धनगढी उपमहानगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले प्रचलित कानुन बमोजिम निषेधित मालसमान वाहेकका अन्य यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे बापतका स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६१ बमोजिम कवाडी कर संकलन गर्न आगामी आ.व. ०७७।०७८ का लागि यस उप-महानगरपालिका बाट तोकिएको दररेट बमोजिम कर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो १५ दिने सिलबन्दि आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरू

१। कवाडी करका लागि न्यूनतम ठेक्का अंक रू १,१५,००,०००।( एक करोड पन्ध्र लाख मात्र VAT बाहेक ) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्विकृत भै सम्झौता गरेको मितिले ०७८ साल असाढ मसान्तसम्म कायम रहने छ ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा वाहिर गई कर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा वाहिर गई कर असूली गरिएको जानकारी वा प्रमाण फेला परेमा यस यस कार्यालयले जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। वोलपत्र मिति २०७७।३।१४ गते कार्यालय समयभित्र राजश्व शाखावाट (रू ३०००। फिर्ता नहुने गरी) खरीद गर्न सकिने छ ।

५। वोलपत्र मिति २०७७।३।१५ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । वोलपत्र मिति २०७७।३।१५ गते दिनको २:०० वजे खोलिने हुंदा सो समयमा वोलपत्रदाता वा निजको तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन ।

६। वोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्वन्धि काम हुने छ ।

७। आफुले कवोल गरेको ठेक्का अंकको ५% रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक स्थित धरौटी खाता हि.न.४१७००३०३००००२ मा नगद जम्मा वा सो रकम वरावरको १२० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

८। वोलपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकवाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम वरावर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेकै दिन अग्रिम दाखिला गर्नुपर्ने छ र वाकी किस्ताको रकम चार चार महिनाको एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०। वोलपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

११। यस कार्यालयवाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन ।

१२। कुनैपनि अवस्थामा कर छुटको लागि हक दावि गर्न पाईने छैन ।

१३। संकलन गर्ने करको दर रेट टेण्डर फारामवाट हेर्न सकिनेछ ।

१४। वोलपत्रदाताले खामको वाहिरपट्टि ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नुपर्नेछ ।

१५। उक्त सूचना धनगढी उ.म.न.पा.को सूचना पाटी र वेभसाईट www.dhangadhimun.gov.np मा राखिएको छ

१६। वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्वन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner